पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
फोन नं :- ०६१-५०४१४६, ५०४०८६, ५०४०८७

## उत्तरपुस्तिका छपाई गरी खरिद गर्ने बारेको बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७७।११।२२)

यस कार्यालयद्धारा देहायका विवरण बमोजिमका उत्तरपुस्तिकाहरु छपाई गरी खरिद गर्नुपर्ने भएकोले सम्बन्धित कार्यको इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुबाट बोलपत्र फाराममा उल्लेखित सर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

| विज्ञापन नं. | छपाई गर्नुपर्ने उत्तरपुस्तिकाको विवरण | परिमाण | बोलपत्र फारम दस्तुर (रुपैयाँ) | बोलपत्र जमानत वापत राख्नुपर्ने रकम (रुपैयाँ) | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय | बोलपत्र खोल्ने मिति, समय |
|---|---|---|---|---|---|---|---|
| १।२०७७।०७८ | मूल उत्तरपुस्तिका १० पाने (२० पेज,९"×११"को साइजमा, दुई रङ्गमा छपाई र नम्बरिङ्ग गर्नुपर्ने) | ३,००,००० (तीन लाख) थान | ३,०००।- | १,००,०००।- | २०७७/१२/२२ गते कार्यालय समय भित्र (अपरान्ह ५ वजे सम्म) | २०७७/१२/२३ गते दिनको १२ वजे भित्र | २०७७/१२/२३ गते दिनको १ वजे |
| | थप उत्तरपुस्तिका ४ पाने (८ पेज,९"×११" को साइजमा, दुई रङ्गमा छपाई गर्नुपर्ने) | ६,५०,००० (छ लाख पचास हजार) थान | | | | | |

१. बोलपत्र फारम मिति २०७७ चैत्र २२ गते कार्यालय समयभित्र यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैङ्क, पोखरा शाखामा रहेको खाता नं. ०११०५०२००११९३८ वा कामना सेवा विकास बैंक लिमिटेडमा रहेको खाता नं ०१२००३०००२७३१७००००००१ मा रु. ३,०००।- (अक्षरुपी तीन हजार रुपैयाँ मात्र फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैङ्क भौचर यस कार्यालयमा पेश गरी खरिद गर्नुपर्नेछ ।

२. बोलपत्र फारम खरिद गर्नको लागि सम्बन्धित कामको लागि इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी लिई उपस्थित हुनु पर्नेछ ।

३. बोलपत्र फारम भरी खाममा शिलबन्दी गरी खाम बाहिर यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना, फोन नम्बर आदि स्पष्ट रुपमा उल्लेख गरी यस पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, पोखरा म.न.पा-३०, कास्कीमा, मिति २०७७ चैत्र २३ गते दिनको १२ बजेभित्र दर्ता गराईसक्नुपर्नेछ । उक्त दिन बिदा परेमा भोलिपल्ट दिनको १२ वजे भित्र दर्ता गर्न सकिनेछ ।

४. रितपूर्वक म्यादभित्र प्राप्त बोलपत्रहरु मिति २०७७ चैत्र २३ गते दिनको १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । उक्त दिन विदा परेमा भोलिपल्ट सोही समयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्रसाथ धरौटी वापत रु १,००,०००।-(अक्षेरुपी एक लाख रुपैयाँ मात्र) यस कार्यालयको नाममा, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, पोखरा शाखामा रहेको खाता नं. ०११०५०२००११९३८ वा कामना सेवा विकास बैंक लिमिटेडमा रहेको खाता नं ०१२००३०००२७३१७००००००१ मा जम्मा गरी सोको सक्कल भौचर वा "क" वर्गको वाणिज्य बैङ्कले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत बोलपत्रसाथ अनिवार्य संलग्न गर्नुपर्नेछ ।

६. नविकरण गरेको सम्बन्धित कामको लागि ईजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्र प्रतिलिपि, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र/आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आन्तरिक राजश्व कार्यालयबाट आर्थिक बर्ष २०७६/०७७ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नुपर्नेछ ।

७ बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजायँ नपाएको भनी लिखित रूपमा गरेको स्वयं घोषणापत्र संलग्न गर्नुपर्नेछ ।

८. म्यादभित्र प्राप्त नभएको वा रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयमा सुरक्षित रहनेछ ।

९. बोलपत्रदाताले कबोल गरेको दररेट अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०. विस्तृत स्पेसिफिकेसन र छपाई गर्नुपर्ने कागजको नमूना बोलपत्र फारम साथ संलग्न गरिनेछ ।

११. यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा पोखरा विश्वविद्यालय खरिद नियमावली २०७२ बमोजिम हुनेछ ।

१२. बोलपत्र फारमको विक्री पो.वि.परीक्षा नियन्त्रण कार्यालय तथा पो.वि. केन्द्रीय कार्यालय तथा दर्ता र खोल्ने कार्य पो.वि.परीक्षा नियन्त्रण कार्यालय पोखरा म.न.पा-३०, ढुङ्गेपाटन, कास्कीबाट गरिनेछ ।